# योजना अनुगमन तथा निरिक्षण भ्रमणको प्रतिवेदन

**१. भूमिकाः**

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली एवं स्थानीय निकाय स्रोत परिचालन तथा कार्यविधि, २०६९ बमोजिम प्रत्येक आर्थिक बर्षमा स्वीकृत भई कार्यान्वयनमा रहेका आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा निरीक्षण गर्ने प्रावधान अनुसार आ.व. २०७०।७१ को स्वीकृत जिल्ला विकास योजना तथा कार्यक्रम अनुसार यस जिल्लाका विभिन्न स्थानहरुमा जिल्ला विकास समितिको नेतृत्वमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराई ठेकेदार एवं स्थानीय उपभोक्ता समिति मार्फत भएका विकास निर्माण, मर्मत सम्भार भएका योजनाहरुको कार्यान्वयनको अवस्था, योजनाको गुणस्तर, आर्थिक, सामाजिक तथा भौतिक पक्षहरुको अनुगमन गरी स्थलगत रुपमा वास्तविकता बुझि योजना निरीक्षणका क्रममा देखा परेका समस्याहरुको पहिचान तथा त्यसको निवारण गर्न जिल्लामा संचालित विभिन्न योजनाहरुको जिल्ला स्थित विभिन्न राजनीतिक दलका प्रतिनिधीहरुद्धारा नियमित अनुगमन गराउने प्रक्रिया अवलम्बन गरिए अनुसार यो अनुगमन निरिक्षण भ्रमण सम्पन्न भएको हो ।

**२. योजना अनुगमन तथा निरिक्षण भ्रमणको उद्देश्यः**

- योजनाहरु निर्धारित कार्यतालिका अनुसार भए नभएको जानकारी प्राप्त गर्ने ।
- योजनामा भएको खर्चको अनुपातमा कार्यान्वयत प्रगतिको स्थलगत रुपमा अनुगमन गर्ने ।
- सामाजिक परिक्षण तथा पारदर्शिताका लागि अपनाइएका क्रियाकलापहरुको स्थिती बुझ्ने ।
- योजना संचालनका क्रममा देखिएका समस्या तथा समाधानका उपायहरु बारेमा स्थलगत रुपमा जानकारी प्राप्त गर्ने ।
- योजना कार्यान्वयनको क्रममा गुणस्तरीय ढंगले कार्य सम्पादन भए नभएको जानकारी लिने ।
- स्थानीय निकायबाट संचालित विकास निर्माणका क्रियाकलापहरु एवं प्रवाह भएका सेवाहरु समयमै सम्पन्न भए नभएको कुरा स्थानीय राजनीतिक दलहरु, नागरिक समाज समाजलाई अवगत गराउने ।
- जिल्ला स्थिती राजनीतिक दलका प्रतिनिधी, नागरिक समाजका प्रतिनिधीहरुबाट अनुगमन हुदा स्थानीय उपभोक्ता एवं ठेकेदारहरुमा गुणस्तरीयता एवं समय सिमाको पालना गर्ने तर्फ बढी केन्द्रित हुने ।

**३. योजना अनुगमन तथा निरिक्षण भ्रमणको औचित्यः**

ठेकेदार एवं स्थानीय उपभोक्ता समिति मार्फत भएका विकास निर्माण, मर्मत सम्भार भएका योजनाहरुको कार्यान्वयनको अवस्था, योजनाको गुणस्तर, आर्थिक, सामाजिक तथा भौतिक पक्षहरुको अनुगमन गरी स्थलगत रुपमा वास्तविकता बुझि योजना निरीक्षणका क्रममा देखा परेका समस्याहरुको पहिचान तथा त्यसको निवारण स्थलगत रुपमै गर्न सकिने साथै स्थानीय निकाय मार्फत निर्माण सम्पन्न भएका एवं निर्माणधिन योजना तथा आयोजनाहरुको सम्वन्धमा जिल्ला स्थित राजनीतिक दल एवं नागरिक समाजलाई जानकारी प्राप्त हुनका साथै ठेकेदार एवं उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजनामा गुणस्तरीयता कायम भई आयोजना समय सिमा भित्र सम्पन्न हुने ।

**४. योजना अनुगमन तथा निरिक्षण भ्रमण भएको मितिः २०७१।१।१४ गते**

**५. योजना अनुगमन तथा निरिक्षण भ्रमण अवधिः १ (एक) दिन**

## ६. योजना अनुगमन तथा निरिक्षण भ्रमणका सहभागिहरूः

| सि.नं. | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|
| १ | रामुराज कडरिया | स्था.वि.अ. | जिविस नवलपरासी |
| २ | निर्मलकुमार प्याकुरेल | प्र.जि.ईं | जिल्ला प्राविधिक कार्यालय, नप |
| ३ | सुमन मरासिनी | लेखाअधिकृत | जिविस नवलपरासी |
| ४ | बुद्धन अली | प्रतिनिधी | नेकपा माओवादी |
| ५ | धरेन्द्र यादव | अध्यक्ष | मधेशी जनाधिकार फोमर नेपाल |
| ६ | रमेश यादव | प्रतिनिधी | उद्योग बाणिज्य संघ, नवलपरासी |
| ७ | राजेन्द्र अग्रहरी | प्रतिनिधी | नागरिक समाज नवलपरासी |
| ८ | प्रकाश पन्थी | यो.अ तथा प्र.अ. | जिविस नवलपरासी |
| | | | महिला तथा बालबालिका कार्यालय, न.प. |
| ९ | पुरुषोत्तम ढकाल | ना.सु. (क.अ.) | जिविस नवलपरासी |
| १० | महेश्वर ठाकुर | स.ई. | जिविस नवलपरासी |
| ११ | शिव भट्टराई | स.ई. | जिविस नवलपरासी |
| १२ | ललितनारायण चौधरी | अ.स.ई. | जिविस नवलपरासी |

## ७. योजना अनुगमन तथा निरिक्षण भ्रमणका क्रममा अनुगमन गरिएका योजनाहरूः

- उजैनी चिमनटोला सडक निर्माण पाल्ही
- उत्तम बालहित प्रा.वि. भवन मर्मत रामग्राम ७
- हरपुर १ देखि गोपालपुर गोरक्षनाथ मन्दिर हुदै मुडेरा जाने सडक
- अमरौट र स्वाठी बीचको कल्भर्ट
- गाविस परिसर कम्पाउण्ड बाल निर्माण सुत्रौली

## ८. योजना अनुगमन तथा निरिक्षण गरीएका योजनाहरुको संक्षिप्त विवरणः

रु. हजारमा

| सि.नं. | कार्यक्रमको नाम | योजनाको नाम | स्वीकृत रकम | श्रमदान | कुल रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्था.या.पू.वि.का. | उजैनी चिमनटोला सडक निर्माण | ४६२० | | | ठेक्काबाट |
| २ | जिविस अनुदान | उत्तम बालहित प्रा.वि. भवन मर्मत रामग्राम ७ | १८० | ४७ | २२७ | |
| ३ | जिविस अनुदान | हरपुर १ देखि गोपालपुर गोरक्षनाथ मन्दिर हुदै मुडेरा जाने सडक | ५०० | १२७ | ६२७ | |
| ४ | जिविस अनुदान | अमरौट र स्वाठी बीचको कल्भर्ट | ५०० | | | ठेक्काबाट |
| ५ | जिविस अनुदान | गाविस परिसर कम्पाउण्ड बाल निर्माण सुत्रौली | १८० | ३५ | २१५ | |

## ९. योजना अनुगमन तथा निरिक्षण भ्रमणका क्रममा देखिएको स्थलगत अवस्थाः

| सि.नं. | योजनाको नाम | अनुगमनका क्रममा देखिएका विषयबस्तुहरु | सुझावहरु |
|---|---|---|---|
| १ | उजैनी चिमनटोला सडक निर्माण | • नहरदेखि दक्षिण पाल्ही मन्दिर सम्म सववेसको काम सम्पन्न भएको ।<br>• बर्षातको कारण एवं गिट्टी, बालुवाको कारण ओटाशिल गर्न नसकिएको ।<br>• पाल्ही भगवती मन्दिर नजिकै बेसकोर्सको काम गर्दा रोलिङ नपुगेको | • उक्त कार्य ठेक्का प्रक्रियाबाट संचालन भएको हुँदा कार्यालयले समयमै ठेक्का सूचना निकाल्नु पर्ने ।<br>• जे कामका लागि रकम विनियोजन गरिएको हो, सोही कार्यमा रकम खर्च गरिनु पर्ने । |
| २ | उत्तम बालहित प्रा.वि. भवन मर्मत रामग्राम | • विद्यालयको भुई, भित्ता र फर्निचर निर्माण भएको । | • विद्यालयको सम्पति संरक्षणका लागि कम्पाउण्ड बाल तारबार |

| सि.नं. | योजनाको नाम | अनुगमनका क्रममा देखिएका विषयबस्तुहरु | सुझावहरु |
|---|---|---|---|
| | ७ | • विद्यालय एकान्तमा भएका कारण केही झ्याका पल्लाहरु चोरि भएको ।<br>• निर्माण तथा मर्मत कार्य सन्तोषजनक रहेको | गानिनु पर्ने ।<br>• सुरक्षाका लागि पालेको व्यवस्थापन गरिनु पर्ने ।<br>• यस्ता ग्रामिण विद्यालयहरुमा स्थानीय निकायका लगानी बढाउनु पर्ने । |
| ३ | हरपुर १ देखि गोपालपुर गोरक्षनाथ मन्दिर हुदै मुडेरा जाने सडक | • सडक ग्राभेल गर्ने कार्य र सडकमा माटो पर्ने कार्य सम्पन्न भएको ।<br>• सडकका केही स्थलमा सामान्य खाल्टाहरु देखिएको ।<br>• अन्य कार्यहरु सन्तोषजनक रहको । | • माटोको कार्यलाई भन्दा ग्राभेलमा जोड दिनु पर्ने ।<br>• खाल्टाखुल्टीहरु मर्मत सम्भार गर्नु पर्ने । |
| ४ | अमरौट र स्वाठी बीचको कल्भर्ट | • निर्माण कार्य सन्तोष जनक रहेको ।<br>• बाटोको दायाबाया माटो कटान भएको ।<br>• कल्भर्टबाट आवतजावतका लागि दुबै तर्फ माटो भरिएको | • सडकको दायाबाटा बाटो संरक्षणको काम गर्नु पर्ने ।<br>• यस्ता पूर्वाधारहरु दीगो बनाउने तर्फ कार्यालयले ध्यान दिनु पर्ने । |
| ५ | गाविस परिसर कम्पाउण्ड बाल निर्माण सुक्रौली | • निर्माण कार्य सन्तोषजनक रहेको ।<br>• गाविसको पूर्व, पश्चिम र उत्तर तिर प्लाष्टर भएको र केही स्थानमा प्लाष्टर हुन बाँकी रहेको ।<br>• गाविस भित्र हिड्नका लागि पेटी बनाइएको । | • बाकी रहेको कम्पाउण्ड बाल छिटै सम्पन्न गर्नु पर्ने ।<br>• कम्पाउण्ड बालका कारण कार्यालय सुरक्षित भएको ।<br>• गाविस आफै स्वायत्त निकाय भएका कारण गाविसबाटै आफ्ना पूर्वाधार निर्माणका लागि रकम व्यवस्थापन हुनु पर्ने । |

## १०. योजना अनुगमन तथा निरिक्षण भ्रमणबाट प्राप्त निष्कर्ष:

जिल्ला विकास समितिले आगामी दिनमा योजना अनुगमन तथा निरिक्षण भ्रमण कार्यक्रम आयोजना गर्दा सम्वन्धित गाविसका सचिव, स्थानीय उपभोक्ता समितिका पदाधिकारी, ठेकेदार, स्थानीय प्रतिनिधीहरु उपस्थित गराई स्थलगत अनुगमन निरीक्षणका क्रममा  छलफल गराउने व्यवस्था मिलाउनु पर्ने, योजना संचालन स्थलमा कँहि होर्डिङ बोर्ड राखिएको कँहि नराखिएकाले आगामी दिनमा योजना संचालन स्थलमा त्यस्ता होर्डिङ बोर्ड अनिवार्य गर्नु पर्ने, योजना अनुगमनका क्रममा राजनीतिक दलका प्रतिनिधी, नागरिक समाजका अतिरिक्त पत्रकारहरुलाई पनि संलग्न गराउनु पर्ने, योजना अनुगमन प्रणालीलाई चुस्त दुरुस्त बनाउनका लागि संचालित योजनाको कम्तिमा पनि दुई पटक अनुगमन गर्ने प्रक्रियालाई अवलम्बन गर्नु पर्ने धारणा योजना अनुगमन तथा निरीक्षण भ्रमणमा संलग्न पदाधिकारी र स्थानीय उपभोक्ता समितिका पदाधिकारीहरु अभिव्यक्त गर्नु भएको थियो भने बेलाबेलामा यस्ता अनुगमनका क्रियाकलापहरु संचालन गरिरहनु पर्ने धारण राख्नु भएको थियो ।

## ११. योजना अनुगमन तथा निरिक्षणका तस्विरहरु:






